राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

स्टेशनरी (कार्यालय सामान) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०८/१३

यस आयोगको लागि आवश्यक स्टेशनरी (कार्यालय सामान) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकाले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्ह्वान गरिएको छ ।

दरभाउ सम्बन्धी विवरण

क.स	स्टेशनरी सामानको विवरण	आवश्यक संख्या	कैफियत
१	स्टेशनरी (कार्यालयका लागि विविध सामानहरु)	संलग्न लिष्ट	

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि २०७५/०८/२७ सम्म कार्यालय समयभित्र रु. १०००।- (फिर्ता नहुने गरी) को आम्दानी रसिद निवेदनसाथ संलग्न राखी दरभाउपत्रदाता वा निजको प्रतिनिधिले प्रशासन महाशाखाबाट दरभाउपत्र खरिद गर्न सक्नेछन् । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०७५/०७६ का लागि नवीकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, तथा आ.व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्र मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस आयोगको नाममा दरभाउपत्र फारम खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ । सो कागजातहरु पेश नगर्ने निवेदकले दरभाउपत्र खरिद गर्न पाउने छैन ।

२. दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि मिति २०७५/०८/२७ गतेसम्मको कार्यालय समयभित्र खरिद गरि सकी २०७५/०८/२८गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्राप्त भएका दरभाउपत्रहरु २०७५/०८/२८ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिने छ । दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र साथ बोलपत्र जमानत वापतको रकम रु १९,८७५।- (अक्षेरेपी उन्नाइस हजार आठ सय पचहत्तर रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गाबाहाल ललितपुरमा रहेको धरौटी खाता नं ख ३ (०१८०-५१-००१६८५६ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तिमा १२० दिन म्याद भएको (सिलवन्दी पत्र बुझाउने अन्तिम मितिदेखि) बैंक ग्यारेन्टि (विडवण्ड) पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ ।

५. सामान सप्लाई सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

६. दरभाउपत्रदाताले सप्लाई गर्ने सामानको स्पेशिफिकेशन दरभाउपत्रसाथ उपलब्ध गराइनेछ । साथै यस सम्बन्धमा अन्य विस्तृत कुरा बुझ्न परेमा प्रशासन महाशाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ

७. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाहि हुनेछैन ।

८. स्वीकृत दरभाउपत्रदाताले आपूर्ति गर्ने सामानहरु स्वीकृत स्पेसिफिकेसन बमोजिम गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्राविधिकबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलवन्दी दरभाउ फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।

१०. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

११. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ ।